**हरिवन नगरपालिकाका उप-प्रमुख श्री रेणुकाकुमारी पौडेलबाट हरिवन नगरपालिकाको प्रथम नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०७४/०७५ को नीति, कार्यक्रम र बजेट**

१५ माघ २०७४

नगर सभाका अध्यक्षज्यू,
नगर सभाका माननीय सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत तथा सम्पूर्ण कर्मचारी मित्रहरु,

**अध्यक्ष महोदय,**

नेपाल युगौंदेखि नै एक स्वाधीन र सार्वभौम सत्तासम्पन्न मुलुकको रुपमा रहँदै आएको छ । ईतिहासका विभिन्न कालखण्डहरुमा नेपाली जनताले गरेका वलिदानीपूर्ण संघर्षहरु जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका सबै किसिमका राजनीतिक आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान घोषणा भै हामी यसको कार्यान्वयनको चरणमा छौं । आजको यस गौरवपूर्ण घडीमा नेपालको सबै राजनीतिक आन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । बेपत्ता नागरिकहरु तथा उहाँहरुका परिवार प्रति सम्मान प्रकट गर्दछु । साथै, विभिन्न चरणका आन्दोलनका क्रममा अशक्त र अपांग हुनुभएका व्यक्तिहरुप्रति सहानुभूति प्रकट गर्दै सहज जीवनयापनको कामना गर्दछु ।

नेपालको संविधानको घोषणा पश्चात् मुलुकमा स्थानीय तहको निर्वाचन सम्पन्न भई प्रदेश तथा संघीय निर्वाचन समेत सम्पन्न भइसकेको अवस्था छ । अब संक्रमणकालको सकारात्मक अन्त्य एवं व्यवस्थापन भई आर्थिक समृद्धिको दिशामा मुलुक अग्रसर रहेको कुरामा सम्पूर्ण नेपाली विश्वस्त रहेका छन् । २ नं. प्रदेशको सर्लाही जिल्लामा अवस्थित यस हरिवन नगरपालिकालाई समृद्धिको शिखरमा पुर्‍याउने काम आफैमा चुनौतिपूर्ण भएता पनि नव निर्माणको यस घडीमा यसलाई एउटा ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नु हाम्रो पहिलो कदम हुने कुरामा हामी विश्वस्त पार्न चाहन्छौं । नेपालको इतिहासमा संविधान प्रदत्त अधिकारको प्रयोगको सिलसिलामा पर्याप्त अधिकारको विन्यास सहितको संघीयताको कार्यान्वयनको क्रममा यो नौलो प्रयोगको थालनी हामीले गरेका छौं ।

संविधानले स्थानीय तहलाई दिएको कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकार मध्ये आज हामी नगर सभामार्फत व्यवस्थापकीय अभ्यास गर्न गइरहेका छौं । अतः यस ऐतिहासिक दिनमा हरिवन नगरपालिकाको प्रथम नगरसभामा उपस्थित हुनु हुने नगर सभाका सबै सदस्यज्यूहरु तथा कर्मचारी मित्रहरुलाई नगर सभामा स्वागत गर्दै अन्तर हृदयदेखि हार्दिक धन्यवाद दिन चाहन्छु ।

**सभा अध्यक्ष महोदय,**

हाम्रा अग्रजहरुले देखाएको पथ, देखेका सपना, नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीको आधारशीलाको रुपमा रहेको स्थानीय तहको ऐतिहासिक निर्वाचन सम्पन्न भईसकेको छ । नेपालको २ नं. प्रदेशमा २०७४ असोज २ गते स्थानीय तहको निर्वाचन सम्पन्न भई हरिवन नगरपालिकाका निर्वाचित पदाधिकारीहरुले शपथ ग्रहण एवं पदवहाली गरेको आज १२७ दिन पुगिसकेको छ ।

हरिवन नगरपालिकाको तीव्र आर्थिक बिकास गर्नु आजको हाम्रो आवश्यकता हो । स्वाधीन, आत्मनिर्भर तथा अन्तरनिर्भर अर्थतन्त्र निर्माण गर्दै सामाजिक न्याय सहितको दीगो र फराकिलो आर्थिक वृद्धि हासिल प्रस्थान बिन्दु

हो भने हरिवन नगरपालिका सहित मुलुकको समृद्धिमा योगदान पुर्‍याई समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्‍याउनु हाम्रो लक्ष्य हो ।

स्थानीय तहले कार्यान्वयन गर्ने गरी संविधानले नै सुनिश्चित गरेका अधिकारहरुलाई जनताकै ईच्छा अनुसार व्यवहारमा रुपान्तरण गर्दै,

***"कृषि, शिक्षा, पशु, पर्यटन, स्वास्थ्य, सञ्चार र पूर्वाधार,***
***स्वच्छ, समुन्नत हरिवन नगरपालिकाको समृद्धिको मूल आधार"***

भन्ने मूल नाराका साथ सुन्दर र समृद्ध हरिवन नगर निर्माण गर्नको लागि यो ऐतिहासिक पहिलो नगरसभामा यस नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महशुस गरेको छु ।

सभा अध्यक्ष महोदय,
सबै नगर सभा सदस्यज्यूहरु,

नेपालको संविधान कार्यान्वयनका क्रममा २०७४ असोज २ गते सम्पन्न भएको स्थानीय तह निर्वाचन अन्तरगत यस नगरपालिकामा भएको निर्वाचनलाई सफल पार्नुहुने सम्पुर्ण मतदाता, निर्वाचन आयोग, राजनैतिक दल, उम्मेदवारहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

नेपाल सरकारबाट जारी स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, नेपाल सरकारका नीति, निर्देशन, मार्गदर्शन, यस नगरपालिकाबाट जारी भएका विभिन्न नियमावलीहरु, आचारसंहिता र कार्यविधिको परिधिभित्र रही राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विभिन्न विषयगत समितिहरुका बैठकका निर्णय, नगरकार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय र नगरपालिकाका प्रमुखज्यूको निर्देशन र मार्गदर्शनको अधीनमा रही टोल वस्तीस्तरबाट छनौट भै वडा समितिबाट प्राथमिकीकरण गरेर ल्याईएका योजना र कार्यक्रमहरुलाई समेत मध्यनजर गरी यस नगरपालिकाको आ.व. २०७४/७५ को नीति तथा कार्यक्रम तथा वजेट तयार गरिएको छ ।

## हरिवन नगरपालिकाको संक्षिप्त परिचय

हरिवनको नामाकरणको सन्दर्भमा विभिन्न किम्वदन्तीहरु छन् । प्रथमतः प्राचीनकालमा राजा जनकका भाई सुभाउ जनकले हालको वडा नं. ९ मा एउटा पोखरी खनेका थिए । त्यसताका उक्त पोखरीमा सयौंका संख्यामा हरिणहरु चर्दै पानी पिउने ठाउँ भएकाले हरणवाट हरिवन भएको भन्ने भनाई छ । दोश्रो, भगवानको नाम हरि ओमवाट हरिवन भएको र तेश्रोः हालको सिन्धुली जिल्लाको धिमीलेको चुरेमा रहेको वस्तीबाट दक्षिण समथर भागमा हेर्दा हजारौं दूरीसम्म हरियो वन देखिने भएकोले पछि अपभ्रंस भई हरिवन भएको भेटिन्छ । यसर्थ हरिण, हरिओम र हरियो वन जस्ता शब्दहरु अपभ्रंस हुँदै हरिऔनबाट हरिवन नामाकरण भएको जनविश्वास छ ।

## भौगौलिक अवस्थिति

| | | |
|---|---|---|
| प्रदेश नं. २ | जिल्ला - सर्लाही | निर्वाचन क्षेत्र नं. - २ |
| क्षेत्रफल | ८५४.५६ हेक्टर ( ८६.०६ वर्ग कि.मि ) | वडा संख्या- ११ |
| उचाई | १३० मिटर देखि ५५० मिटर सम्म | |

## सीमाना

पूर्व - लखन्देही खोला | पश्चिम- ढुंग्रेखोला गा.वि.स | उत्तर- सिन्धुली | दक्षिण- जानकी नगर

**जनसंख्या**

कूल जनसंख्या- ४२ हजार ७८३ जनघनत्वः ४९६.७८ प्रति वर्ग कि.मी. घरधुरीः १०,०६९

**नगरका केही पर्यटकीय क्षेत्रहरु**

कैलाशपुरी क्षेत्र, चतुर्भुजेश्वर मन्दिर, वनबाटिका क्षेत्र, सुकेपोखरी, उत्पन्नेश्वर शिव मन्दिर

**दीर्घकालीन सोचः** कृषि, शिक्षा, पशु, पर्यटन, स्वास्थ्य, सञ्चार र पूर्वाधार : स्वच्छ, समुन्नत हरिवन नगरपालिकाको समृद्धिको मूल आधार ।

**लक्ष्य तथा उद्देश्यः** हरिवन नगरलाई कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापार र पूर्वाधार बिकासका माध्यमबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सम्पन्न, वातावरणीय दृष्टिले स्वच्छ, शहरी सुविधा सम्पन्न र व्यवस्थित नमूना शहर निर्माण गर्ने ।

उल्लिखित दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य अनुसार यस नगरपालिकाले आ. व. २०७४/०७५ मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम यस सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## क) पूर्वाधार विकास

### सडक तथा भौतिक निर्माण

१. सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।
२. आगामी तीन बर्षभित्र सबै टोल र बस्तीमा सडक सञ्जाल पुऱ्याउने गरी काम अगाडि बढाइनेछ ।
३. बजार क्षेत्रमा सडक बिस्तार र कालो पत्रे गर्ने नीति लिइनेछ । हरित र वाताबरण मैत्री सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।
४. नगरपालिकाको स्वामित्वमा रहने गरी नगर भित्र नगर यातायात व्यवस्थापन र सञ्चालनसम्वन्धी अध्ययन कार्यलाई अगाडि बढाइनेछ ।
५. सुकेपोखरीमा बसपार्क निर्माण गर्ने कार्यलाई अगाडि बढाइने छ ।
६. रिङरोडको ट्र्याक खोली सञ्चालनमा ल्याईने छ ।

### भवन तथा सहरी विकास

१. नगरपालिकाबाट अनुमति नलिई भवन निर्माण गर्ने घरधनीलाई नगरपालिकाबाट उपलव्ध गरिने सम्पूर्ण सिफारिस तथा सुविधामा रोक लगाई प्रचलित कानूनबमोजिम दण्डित गर्ने नीति अवलम्बन गरिनेछ ।
२. शहरी विकास तथा भवन निर्माण आचार संहिता, २०७२ लाई कडाइका साथ लागू गरिनेछ । सरकारी, सार्वजनिक, ऐलानी, पर्ती जग्गामा निर्माण भएका व्यक्तिगत भवन तथा संरचनाको नक्सा पास तथा अभिलेखीकरण गरिने छैन ।
३. घर निर्माण सम्पन्न प्रमाण पत्र उपलव्ध गराउँदा घरधनीले दुईवटा विरुवा अनिवार्य रुपमा रोपेको हुनुपर्ने व्यवस्था लागू गरिनेछ ।
४. बढ्दो जनसंख्या र नागरिकहरुको आकर्षणको केन्द्र नगर भईरहेको कुरालाई मध्यनजर गर्दै नेपाल सरकार शहरी विकास मन्त्रालय लगायतका सरकार मातहतका मन्त्रालयसँग समन्वय गरी एकीकृत शहरी विकासको लागि पहल गरिनेछ ।

५. "धुलो रहित शहर, हरिवनवासीको रहर" भन्ने मूल नारालाई स्थापित गर्न नगर क्षेत्रमा भएका सडकहरु लाई क्रमशः धुलो रहित बनाउने नीति अबलम्बन गरिने छ ।

६. सौर्य/सडक बत्ति जडान गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ सोका लागि योगदानमा आधारित लागत सहभागिताको नीति लिइनेछ ।

७. नयाँ बन्ने घरहरुमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम अनिवार्य हाईब्रिड सोलार जडान गर्नु पर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । सो कार्यको उत्प्रेरणाका लागि घरधनीलाई घरनक्सा पासको राजश्व रकममा १० प्रतिशत छुट दिइनेछ । सो सुविधा लिई सोलार बत्ति नजोड्ने घरधनीलाई घर निर्माण सम्पन्न प्रमाण पत्र दिँदा कूल राजश्व रकमको २५ प्रतिशत थप जरीवाना लिने नीति अबलम्बन गरिने छ ।

८. नगरपालिका क्षेत्रमा संचालन हुने आयोजना र सो आयोजना संचालन गर्ने उपभोक्ता समिति/निर्माण व्यवसायीको सम्पूर्ण विवरण खुल्ने गरी आयोजना स्थलमै होर्डिङ्ग बोर्ड राख्ने नीतिलाई अझ प्रभावकारी ढंगबाट कार्यान्वयन गरिने छ ।

९. बजार व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउनका लागि नगर विकास कोषको ऋण सहयोगमा नगरपालिका क्षेत्रमा सुविधा सम्पन्न व्यवसायिक भवन बनाउने कार्यको शुभारम्भ हुनेछ ।

## भूमि व्यवस्थापन तथा वस्ती विकास

१. भू-उपयोग नीति जारी गरिने छ । नगरपालिका क्षेत्रको दीगो विकासका लागि उक्त नीति अनुसार वस्ती विकास गर्ने नीति अबलम्बन गरिनेछ ।

२. वैज्ञानिक भूमि व्यवस्थापन कार्यान्वयनमा ल्याइनेछ ।

३. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गरी एकीकृत वस्तीहरुमा विकासका पूर्वाधारहरु सडक, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई आदि सुबिधा बिस्तार गरिनेछ ।

४. जग्गा प्लटिङ्ग गर्ने प्रक्रियालाई व्यवस्थित बनाईने छ ।

५. नगरभित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको एकीकृत लगत तयार गरिने छ । सो कार्यका लागि विशेष समिति गठन गरी कार्य प्रारम्भ गरिनेछ ।

६. वास्तविक भूमिहीनहरुको लगत संकलन गरिनेछ ।

## उर्जा तथा विद्युतीकरण

१. विद्युतिकरण हुन बाँकी रहेका वस्तीहरुमा विद्युतिकरण गर्दै लगिनेछ । काठका पोललाई क्रमशः विस्थापित गरी फलाम र सिमेन्टका पोल प्रयोग गर्ने नीति लिईनेछ ।

३. नगरपालिकाको सबै वस्तीमा बिद्युतको विस्तार गरिनेछ ।

४. सामुदायिक ग्रामीण विद्युतीकरणको अवधारणालाई अवलम्बन गर्दै कृषिलाई व्यवसायीकरण र निर्यातमुखी बनाउन कृषि विद्युतीकरणलाई हरेक किसानको खेत खलियानमा पहुँच हुने गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

## सूचना तथा सञ्चार

१. नगरपालिका र सबै वडा कार्यालयहरुमा इन्टरनेट सेवा बिस्तार गर्दै सेवा प्रवाहलाई सरलीकरण गरिनेछ ।

२. सबै वस्तिहरुमा टेलिफोन, मोबाइल र इन्टरनेट सेवालाई बिस्तार गरिने छ ।

३. नगरपालिका क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन कार्यलाई व्यवस्थित गरिनेछ ।

४. एक सय वाट सम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र  नियमन कार्यलाई कानून बनाई व्यवस्थापन गरिनेछ ।

५. नगरपालिका क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन गरिनेछ ।

६. नगरपालिकाबाट हुने र भएका कार्यकमहरुको सार्वजनिकीकरण गर्न पत्रकार महासंघसँग समन्वय गरी चौमासिक रुपमा संचारका माध्यमहरुबाट आम नागरिकलाई जानकारी गराइने नीति अवलम्वन गरिनेछ ।

७. सुरक्षित र प्रविधि मैत्री नगर निर्माण गर्ने नीति अबलम्बन गरिने छ । जसका लागि नगरका सबै वडाको मुख्य मुख्य चोक, धार्मिक तथा पर्यटकीय स्थलहरुमा विद्युतको व्यवस्था सहित सीसी क्यामेरा र फ्रि वाईफाई जडान गर्ने कार्य प्रारम्भ गरिनेछ ।

## योजना छनौट तथा कार्यान्वयन

१. तलदेखि माथि जाने (Buttom Up Approach) नीति अनुसार वस्ती वस्ती तहबाट योजना छनौट गरिनेछ ।

२. योजना छनौट तथा प्राथमिकिकरण गर्दा राष्ट्रिय विकास नीति, गरिबी निवारण, वातावरणीय अनुकुलनता तथा स्रोत साधन उपलब्धताका आधारमा नगरवासीलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्र ाथमिकता दिईनेछ ।

३. योजना चकको प्रत्येक चरणमा हितग्राही समूहलाई सहभागी गराईने छ । बढीभन्दा बढी जनसहभागिता हुने योजनालाई प्राथमिकता दिईनेछ ।

४. उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान तथा प्रोत्साहनको नीति लिइनेछ ।

## खानेपानी तथा सरसफाई

१. “स्वच्छ खानेपानी स्वस्थ जिन्दगानी” भन्ने नारालाई अवलम्बन गर्दै सबै नगरबासीहरूलाई ५ वर्षभित्र स्वच्छ तथा सफा खानेपानीको लागि अल्पकालीन र दीर्घकालीन योजना कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ । निर्माणाधीन खानेपानी योजनाहरूलाई यथाशीघ्र सम्पन्न गर्न सम्बन्धित सरकारी निकायमा विशेष पहल गरिनेछ ।

२. हरिवन नगरपालिका जिल्लाकै प्रथम खुला दिशामुक्त क्षेत्र घोषणा हुने पहिलो नगरपालिका भएकोमा आत्मगौरव गर्दै आगामी दिनमा पूर्ण सरसफाईयुक्त नगर निर्माण गर्न विभिन्न सरकारी, गैर सरकारी स ंघ संस्था तथा आम नागरिक समेतको सहयोग, समन्वय र सहभागितामा पूर्ण सरसफाई कार्यक्रम लागू गरिने छ ।

३. नगर क्षेत्र भित्रका सार्वजनिक स्थान/चोकहरुमा खानेपानी धाराहरुको जडान गर्ने एवं सार्वजनिक निजी साझेदारीमा सार्वजनिक तथा घुम्ती शौचालयहरुको निर्माण गर्ने नीतिलाई कार्यान्वयनमा ल्याईने छ ।

४. वर्षात्को महिना खानेपानी मार्फत विभिन्न सरुवा रोगको महामारी फैलिने सम्भावनालाई मध्यनजर गर्दै सरोकारवाला निकाय समेतको सहयोग र समन्वयमा पानी शुद्धिकरणका लागि विभिन्न विधिका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## सिँचाई

१. विद्यमान सिँचाईका पूर्वाधारहरुको मर्मत सम्भारको साथै थप आयोजनाहरु कार्यान्वयनमा जोड दिईनेछ ।

२. हरिवन नगरपालिका भित्रका सिंचाई प्रणाली व्यवस्थित गर्न बिशेष पहल गरिने छ ।

३. नगरपालिका भित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चिता गर्न आवश्यक कार्य गरिनेछ ।

४. नदी खोला बाढी एवं जलउत्पन्न प्रकोप नियन्त्रण सम्वन्धमा स्थानीय जनताको सहभागितामा कार्य अगाडि बढाइनेछ ।

## सार्वजनिक निजी साझेदारी

१. विकास निर्माण लगायत पूर्वाधार निर्माणमा सार्वजनिक–निजी साझेदारी नीतिलाई अवलम्बन गरी स्थानीय नीति, योजना निर्माण गरिनेछ ।

२. स्थानीय सार्वजनिक–निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयनमा प्राथमिकता दिइनेछ ।

३. स्थानीय विकासमा निजी क्षेत्रको प्रबर्द्धन गर्दै स्थानीय जनताको प्रत्यक्ष लागत सहभागितामा ६०-४० (उपभोक्ता वा स्थानीय जनता) को अवधारणा अनुसार आयोजना कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

## (ख) आर्थिक विकास :

## कृषि  तथा पशुपन्छी

१. "कृषिबाटै समृद्धि" भन्ने मूल नाराका साथ सामुहिक खेती प्रणाली, सामुहिक पशुपालन र विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिनेछ ।

२. कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्र विधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गरिनेछ ।

३. कृषि उत्पादनलाई प्रबर्द्धन र प्रोत्साहन गर्न उत्कृष्ट किसान र कृषि समूहलाई सम्मान गरिनेछ ।

४. तरकारी, फलफूल तथा अन्नवालीको भण्डारण गर्न सवै पक्षको सहभागितामा नगर स्तरीय शीत भण्डार तथा भण्डार गृहको सम्भाव्यता अध्ययन गरी निर्माण प्रकृया अगाडि बढाईने छ ।

५. कृषि उत्पादन, प्रशोधन, व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरणका लागि कृषि उत्पादन स्थलसम्म कृषि सडक सञ्जाल पुऱ्याउने कार्यलाई निरन्तरता दिईने छ ।

६. कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणका लागि विशेष पहल गरिनेछ ।

७. नगदेवाली विशेष गरी उखु, तरकारी, फलफूल नर्सरी, र आँप खेतीलाई व्यवसायिक रुपमा विकास गरिनेछ । कृषि पकेट क्षेत्र निर्धारण गरी एक वडा एक उत्पादनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

८. मासु तथा दुग्धजन्य (पशु/पन्छी) पालनका लागि गाई, भैसी, कुखुरा, राँगा, बाख्रा, हाँस र परेवा लगायतका पशुपन्छीको व्यबसायिक पालनका लागि आवश्यक तालिम तथा क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

९. प्रत्येक वडामा कम्तीमा एउटा कृषि सहकारी र हरेक गाउँमा कृषक समूह निर्माण गरी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वयमा कृषि प्रणालीलाई आधुनिकीकरण गर्ने कार्यको शुरुवात गरिनेछ ।

१०. कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मूल बीउबाट बीउ उत्पादन कार्यक्रममा प्र ोत्साहन दिई उन्नत बीउ वितरण गरिने छ ।

११. पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ । पशु आहाराका लागि घाँस खेतीका कार्यक्रम संचालन गरिने छ । पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिने छ । उत्पादित पशुपंछीजन्य उत्पादनको उचित बजारीकरणको प्रवन्ध मिलाइने छ ।

१२. कृषक तथा पशु स्वास्थ्य सेवा प्राविधिकहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिने छ ।

१३. नगर भित्रका पशुपंछी फर्म, मासुपसल, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिने छ । स्वच्छ र स्वस्थ मासु उपभोक्तासम्म पुऱ्याउन उपयुक्त स्थानमा आधुनिक पशु वधशाला निर्माण प्रकृया अगाडि बढाईने छ ।

१४. पशुपंछी चिकित्सा सेवालाई प्रभावकारी बनाउन सरल र सहज रुपमा निःशुल्क औषधीको व्यवस्था गरिनेछ ।

## सहकारी र गरिबी निवारण

१. "प्रत्येक वडामा सहकारी, घर घरमा भकारी" भन्ने नारालाई आत्मसाथ गर्दै सार्वजनिक, निजी र सहकारीको तीन खम्बे अर्थ नीतिलाई कार्यान्वयनमा विशेष जोड दिइने छ ।

२. नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासका लागि सहकारी संस्था दर्ता सम्बन्धी कार्यलाई व्यवस्थित गराईनेछ ।

३. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषिका लागि लगानीमैत्री वातावरण श्रृजना गरिनेछ ।

४. सहकारीको माध्यमबाट गरिबी न्यूनीकरणका लागि विभिन्न आयमूलक तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. गरिबी निवारणका सम्वन्धमा संघीय, प्रादेशिक र स्थानीय संस्थाहरुसँग सम्पर्क, समन्वय र सहकार्य गरिनेछ ।

६. गरिबीको रेखामुनी रहेका पुर्ण बेरोजगारहरुलाई तालिमको माध्यमबाट उद्यमशीलताको बिकास गराउन विभिन्न समूहहरु परिचालन गरिनेछ ।

७. रोजगार तथा बेरोजगारको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गरिनेछ ।

## राजश्व संकलन, उद्योग तथा वाणिज्य

१. न्यून दर फराकिलो दायरा (Low rate Wide net) को अवधारणा अनुसार कर तिर्ने क्षमता र ईच्छा समेतलाई विचार गरी नगरवासीहरुलाई बोझ नहुने गरी कर, शुल्क तथा दस्तुर निर्धारण गरी आन्तरिक श्रोत सङ्कलन गरिनेछ ।

२. उद्योग वाणिज्य संघसँगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाउँदै सबै व्यवसायीहरुलाई करको दायरामा ल्याईनेछ ।

३. नगर क्षेत्रभित्र घर संरचना भाडामा लगाउनेहरुसँग सम्झौता बमोजिमको रकममा १ प्रतिशत घर वहाल कर एवम् सरसफाई व्यवस्थापनका लागि तोकिएको सरसफाई शुल्क असुल गरिनेछ ।

४. नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजश्व शाखासँग आवद्ध गर्दै नगरवासीले तिर्ने कर, शुल्कको हिसाब दुरुस्त राख्न कम्प्युटर विलिङ्ग प्रणालीबाट राजश्व सङ्कलनको विद्यमान अवस्थालाई अझै सुदृढ बनाईनेछ ।

५. नगर क्षेत्र भित्रका करदाताहरुको अभिलेख राखी उनीहरुलाई विशेषरुपले पुरस्कृत र सम्मान गने व्यवस्था मिलाईनेछ ।

६. चापिनी र हरिवन खोला लगायतका अन्य खोला तथा नदीहरुको वातावरणीय प्रभाव मूल्यांकनका आधारमा ठेक्कामा लगाई आन्तरिक स्रोत प्रबर्द्धन गरिनेछ ।

७. उपभोक्ताको हकहित संरक्षण गर्न बजार अनुगमन गरिने छ ।

८. व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन गरिनेछ ।

९. उद्योगी, व्यापारीहरुको हकहित संरक्षण र सुरक्षाका लागि उचित बजार व्यबस्थापन र बजार क्षेत्रमा सीसी क्यामरा जडानका साथै सौर्य सडक बत्तीको व्यवस्थापन गरिनेछ ।

१०. नगरलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन नगर क्षेत्रभित्र उद्योग स्थापनाका लागि उद्योग मैत्री नीतिहरू अवलम्बन गर्नुका साथै उद्योगीहरूलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहन गरिनेछ ।

११. उद्योग स्थापना गर्दा स्थानीय श्रोत, साधन र रोजगारीलाई प्राथमिकता दिईनेछ ।

१२. घरेलु तथा साना उद्योग र उपयुक्त स्थानमा स्थानीय ईंटा उद्योगहरुको स्थापना, विकास, प्रबर्द्धन र नियमनमा ध्यान दिईनेछ ।

### खानी तथा खनिज

१. जथाभावी अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा, गिटी, बालुवा, माटो उत्खननलाई रोकिनेछ एवं खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन तथा व्यबस्थापन लगायतका कार्य प्रारम्भ गरिनेछ ।

२. ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा आदि खानीजन्य वस्तुको उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजीसम्वन्धी कार्यलाई व्यवस्थित पारिनेछ ।

## ग) सामाजिक विकास

### शिक्षा

१. “दक्ष जनशक्ति गुणस्तरीय शिक्षा, आत्मनिर्भर एबं समृद्ध नगर हाम्रो अपेक्षा” भन्ने मूल नारासहित शैक्षिक क्षेत्रमा सुधारसँगै विकासको नीति लागू गरी एक वडा एक नमूना विद्यालय संचालनको लागि

आवश्यक पहल गरिने छ । नमूना विद्यालयहरुलाई प्रोत्साहनस्वरुप एक थान थप कम्प्युटर (प्रिन्टरसहित) उपलब्ध गराईनेछ ।

२. हरिवन नगरपालिका क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयहरुमा बाल विकास केन्द्र सञ्चालन गरिनेछ ।

३. आगामी ५ बर्ष भित्र नगरलाई पूर्ण साक्षर नगर बनाउने नीति अवलम्वन गरिने छ ।

४. प्रत्येक वडाका सामुदायिक विद्यालयलाई अंग्रेजी माध्यमबाट पठन पाठनको शुरुवात गराउनुपर्ने व्यवस्था लागू गराईनेछ ।

५. सबै सामुदायिक विद्यालयमा विद्युतीय हाजिरी प्रणाली लागू गरी व्यवस्थित गरिनेछ ।

६. जेहेन्दार अति गरीव दलित, असहाय तथा द्वन्द्व पिडीत वालवालिकालाई “नगर प्रमुख शैक्षिक छात्रवृति” प्रदान गरी पढ्न पाउने हकको सुनिश्चित गरिनेछ ।

७. युवाहरुलाई सरकारी सेवामा आकर्षित गर्नको लागि लोक सेवा आयोग, शिक्षा सेवा आयोग जस्ता परीक्षालाई लक्षित गरी कोचिङ्ग र तालिम कार्यक्रम संचालन गरिनेछ ।

८. निर्वाचित प्रतिनिधि, नगरपालिका क्षेत्रभित्र कार्यरत राष्ट्र सेवक कर्मचारी र सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षक/शिक्षिकाहरुलाई आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन प्र ोत्साहन गरिने छ ।

९. विद्यालयको शिक्षणमा प्रभावकारिता ल्याउन अनुगमन, निरिक्षण र सुपरिबेक्षण गरिने छ ।

१०. सबै विद्यालयहरुमा पूर्ण रुपमा भौतिक पूर्बाधारसम्पन्न बनाई शिक्षक व्यवस्थापनमा जोड दिइने छ ।

११. लागू औषध र दुर्व्यसनीको कुलतमा लागेका युवावर्गहरुलाई खेलकूदका माध्यमबाट विकासमा लाग्न अभिप्रेरित गरिनेछ ।

१२. विद्यालयलाई पूर्ण सरसफाईयुक्त बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

१३. विद्यालयमा रहेका बाल क्लव, जुनियर रेडक्रस सर्कल, स्काउट लगायतलाई थप व्यवस्थित गरिनेछ ।

१४. विद्यार्थी संख्या, शिक्षक दरबन्दी, सुगमता आदि मापदण्डका आधारमा विद्यालय र शिक्षक मिलान कार्यलाई अगाडि बढाइने छ ।

१५. विषयगत शैक्षिक उपलब्धीको आधारमा विद्यार्थी, शिक्षक, एबं विद्यालयलाई पुरस्कृत गरिने छ ।

१६. नगरक्षेत्रमा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालय, शिक्षक, विद्यार्थी समेतलाई आधार बनाएर नगर शिक्षा प्रोफाईल बनाउने कार्यको थालनी गरिनेछ ।

१७. “शिक्षा सहितको संस्कार, सीपसहितको व्यवहार” भन्ने नारा स्थापित गरी संस्थागत र सामुदायिक विद्यालयहरु संचालन हुने अबस्थाको सिर्जना गर्ने नीति अवलम्वन गरिनेछ ।

१८. दलित वालवालिकालाई दिईने भत्ता लिन आउदा निजका अविभावकहरुले विद्यालय जाने उमेर भएका आफ्ना अघिल्ला सन्तानहरु पठनपाठन गरिरहेको सिफारिश विद्यालयबाट ल्याउनु पर्नेछ भने विद्यालय

जाने उमेर नभएका तर पूर्व प्राथमिक विद्यालयमा भर्ना हुने योग्यता पुगेका वालवालिकाहरु पायक पर्ने वालविकास केन्द्रमा भर्ना भएको हुनु पर्नेछ ।

१९. वडा कार्यालयको सिफारिसको आधारमा वालवालिकालाई विद्यालय नपठाउने अभिभावकहरु लाई नगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (सामाजिक सुरक्षा भत्ता र सबै प्रकारका सिफारिसहरु) उपलब्ध गराउन बाध्य नहुने नीति अवलम्बन गरिनेछ ।

२०. नगर भित्रका सबै विद्यालयमा रंगरोगन गर्दा नगरपालिकाले एकरुपता हुने गरी गर्ने व्यवस्था क्रमशः मिलाउनेछ ।

२१. सबै विद्यालयहरुमा शिक्षक विद्यार्थीको पोशाकलाई अनिवार्य गरिनेछ । विद्यार्थीहरुको प्रगति मूल्यांकन प्रतिवेदन तयार गरिनेछ ।

२२. निजी विद्यालयको विद्यार्थी शुल्क निर्धारण नेपाल सरकारको मापदण्डभित्र रहेर गर्न एवं तोकिएको भौतिक एवं शैक्षिक पूर्वाधार पुरा भएकालाई मात्र नयाँ दर्ता वा कक्षा स्तरोन्नतीको स्वीकृति दिइनेछ र सो को नियमित रुपमा अनुगमन र नियमन गरिनेछ ।

२३. निजी विद्यालयहरुलाई सरकारले तोकेको गरीव, विपन्न तथा सीमान्तकृत समुदायको छात्रबृत्ति कोटा अनिवार्य रुपमा लागू गर्नु पर्ने व्यवस्थालाई कडाइका साथ पालना गराइनेछ ।

२४. शिक्षकहरुको लागि वार्षिक रुपमा क्षमता अभिबृद्धि तथा रिफ्रेसर तालिम सञ्चालन गरिनेछ ।

**स्वास्थ्य**

१. सबै स्वास्थ्य चौकीहरुमा पर्याप्त रुपमा निःशुल्क औषधीको व्यवस्था मिलाईनेछ ।

२. नगर क्षेत्रमा एम्बुलेन्सको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

३. किशोर किशोरीलाई लक्षित गरी प्रजनन् स्वास्थ्य सम्बन्धी चेतना मूलक कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

४. निजी विद्यालयमा वर्षमा एकपटक विद्यार्थीको निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था मिलाईनेछ र सामुदायिक विद्यालयको हकमा सम्वन्धित वडा कार्यालयको समन्वयमा समन्वय गरी निशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था मिलाईनेछ ।

५. "हाम्रो व्यवहार स्वस्थ परिवार" भन्ने नारालाई सफल पार्न एक वडा एक स्वास्थ्य केन्द्र स्थापनाको कार्यलाई क्रमशः अगाडि बढाईनेछ ।

६. शहिद परिवार, घाइते तथा अपाङ्गता भएका र बिपन्न परिवारलाई बिशेष सहुलियत सहितको स्वास्थ्य उपचारको ब्यबस्था मिलाउन पहल गरिनेछ ।

७. नेपाल रेडक्रस सोसाईटी संगको समन्वयमा नगर क्षेत्रमा एउटा ब्लड बैंक स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

८. समय समयमा विपन्न, असहाय, दलित, जेष्ठ नागरिक र महिलाको स्वास्थ्य जाँचका लागि स्वास्थ्य शिबिर संञ्चालन गरिनेछ ।

९. स्वास्थ्य स्वयं सेविकाहरुको उपलब्ध हुँदै आएको प्रोत्साहन भत्तालाई बृद्धि गरी रु ५००।- कायम गरिनेछ ।

१०. अत्याधुनिक स्वास्थ्य उपकरणसहितको विशेषज्ञ सुविधा सासापुर स्वास्थ्य चौकीबाट उपलब्ध गराईनेछ ।

११. "भरोसा होस् नगर माथि, घरगाउँमा स्वास्थ्यकर्मी साथी" भन्ने भावनाको विकास गर्न समय समयमा बिपन्न, असहाय, दलित, हरुवा चरुवा, जेष्ठ नागरिक र गर्भवती महिलाको स्वास्थ्य जाँचका लागि घरदैलो कार्यक्रम संञ्चालन गरिनेछ ।

१२. नगरपालिका क्षेत्रभित्र सञ्चालन हुँदै आएको डट्स क्लिनिक र शहरी क्लिनिकको अवधारणालाई निरन्तरता दिन आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।

१३. महिनावारीका कारण छात्रा कक्षामा अनुपस्थित हुने अवस्थालाई अन्त्य गरी विद्यालयमा छात्रामैत्री शौचालय एवम् निःशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था गरिनेछ ।

**युवा खेलकुद तथा मनोरञ्जन**

१. "राष्ट्रका लागि खेलकूदः स्वास्थ्यका लागि खेलकूद" भन्ने नाराका साथ हरिवन नगरपालिका स्तरीय नगर खेलकुद विकास समिति गठन गरिनेछ ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता नगर भित्रका खेलाडीलाइ पुरस्कृत एवं सम्मान गरिनेछ ।

३. नगरपालिकाका प्रत्येक वडामा एउटा खेलमैदानको व्यवस्था गरिनेछ । सुकेपोखरी फुटवल मैदानलाई प्र देशस्तरीय रंगशालाको रुपमा विकास गर्दै लगिनेछ ।

४. नगरपालिका भित्रका सबै विद्यालयहरुलाई खेलकुद सामग्री वितरण एवं खेल प्रशिक्षण कार्यक्रम सञ्चालनको व्यवस्था क्रमशः मिलाईनेछ ।

५. नगरपालिका क्षेत्रमा नगर प्रमुख कप फुटवल प्रतियोगिता सञ्चालन गरिनेछ ।

६. सरकारी तथा गैरसरकारी संघ संस्थाको साझेदारीमा रोजगारमुलक तालिम, शिक्षा र प्रबिधी हस्तान्तरण कार्यक्रम अगाडि बढाइनेछ ।

७. विद्यार्थीहरुको अन्तर्निहित क्षमता प्रष्फुटन गराउन बौद्धिकस्तर बृद्धिका लागि अन्तरविद्यालयस्तरीय हाजिरी जवाफ प्रतियोगिता, बक्तृत्वकला प्रतियोगिता र साहित्य सिर्जनाको क्षेत्रको विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. आधुनिक कभर्ड हल तथा खेलकूद प्रदर्शनी केन्द्रको स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

९. नगरपालिका क्षेत्रभित्र विज्ञान प्रविधी मेलाको आयोजना गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लक्षित बर्गसमेत)**

१. सवै लक्षित वर्गको पुर्वाधार विकासका लागी विनियोजित रकमबाट छनौट गरिएको आयोजना र कार्यक्रमहरु सम्बन्धीत लक्षितवर्गकै सहभागितामा सञ्चालन गरिनेछ ।

२. महिला, बालवालिका, आदिवासी जनजाती, मधेशी, मुस्लिम, पिछडावर्ग, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैङ्गिक अल्पसंख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता तथा सीप विकासका लागि सीपमूलक एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३. महिलाको क्षमता अभिबृद्धिका लागि सीपमुलक र चेतनामुलक कार्यक्रम संञ्चालन गरिनेछ ।

४. नगरपालिकालाई महिला हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्न आवश्यक काम गरिनेछ ।

५. विपन्न तथा पिछडिएको वर्गका महिलाहरुलाई लक्षित गरी आय आर्जन तथा सिप विकासका साथै सशक्तिकरण र क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. चालु आ.व. मा आगामी बैशाख १ गते र हरेक बर्ष अक्टोवर १ तारिख (जेष्ठ नागरिक दिवसका दिन हरिवन नगरपालिका क्षेत्रमा रहेका जेष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ ।

७. बैंकहरु मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ भने ८० वर्ष उमेर नाघेका जेष्ठ नागरिक र पूर्ण अपांगता भएका व्यक्तिहरुलाई यथाशक्य घर घरमै बैंक मार्फत भत्ता पुऱ्याउने व्यवस्था मिलाउन सम्वन्धित बैंकहरुसँग समन्वय गरिनेछ ।

८. बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीति, २०६८ अनुरुपको बालमैत्री स्थानिय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीति लिईने छ । नगरलाई बालमैत्री नगरको रुपमा घोषणा गर्न कार्यकम बनाई कार्यान्वयन गरिनेछ ।

९. अपाङ्गता भएका व्यक्तिहरुको सम्पर्क हुने सवै भौतिक संरचनालाई अपाङ्गमैत्री बनाउदै लगिनेछ ।

१०. दलित एवं आदिवासी जनजाति, मुस्लिम र अन्य पिछडावर्गको हक अधिकारको प्रवर्द्धनका लागि सशक्तिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

११. जातिय छुवाछुत एवं भेदभाव बिरुद्धको कानूनलाई कडाईका साथ लागू गरिनेछ ।

**संस्कृति, सम्पदा तथा पर्यटन प्रवर्द्धन**

१. कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, हरित पार्क निर्माण लगायतका क्षेत्रको आवश्यक प्रबर्द्धन र विकास गरिने छ ।

२. वडा नं ८ को कैलाशपुरीमा दृश्यावलोकनका लागि भ्यू-टावर तथा Picnic Spot (बनभोज स्थल) निर्माण गरी आन्तरिक पर्यटन प्रवर्द्धनका लागि कार्यारम्भ गरिनेछ । प्रत्येक वडामा कम्तीमा एउटा पर्यटकीय स्थलको अवधारणा सञ्चालनका लागि कार्यक्रम ल्याईनेछ ।

३. स्थानीय सबै धर्म, परम्परा र मौलिक संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गरिने छ साथै परम्परागत रुपमा चली आएका जात्रा पर्वको सञ्चालन, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।

४. पुरातात्विक महत्वका बस्तुहरुको संरक्षण गरिनेछ र मठ, मन्दिर, पाटीपौवा र गुठीहरुको व्यवस्थापनको कार्यलाई जोड दिइने छ ।

**गैर सरकारी संघ संस्था**

१. नगरपालिकामा सञ्चालित हुने गैरसरकारी संघ संस्थाले नगरपालिकाको अनिवार्य अनुमती पश्चात आफ्नो कार्य क्षेत्र तय गरी सामुदायिक क्षेत्रमा काम गर्ने ब्यबस्था मिलाइनेछ ।

२. संघ संस्थाको गठन, दर्ता, नबिकरण र संञ्चालनको लागि सो सँग सम्बन्धित कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

३. विदेशी दातृनिकायहरू मार्फत् अनुदान प्राप्त NGO/INGO, एवं निजी तथा व्यापारिक संस्थाहरू तथा अन्य संघ संस्थाहरूले नगरपालिकाले प्राथमिकीकरण गरेका क्षेत्रहरूमा मात्र खर्च गर्न पाउने र सहकार्यमा काम गर्ने नीति अवलम्बन गरिनेछ ।

४. नगर क्षेत्रमा कृयाशिल गैर सरकारी संस्थाहरुलाई नेपाल सरकारको प्रचलित कानून बमोजिम नगरपालिकाबाट स्वीकृति प्राप्त गरे पश्चात मात्र कार्यक्रम तथा परियोजना संचालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याईने छ । उल्लिखित संस्थाहरुले संचालन गर्ने समान प्रकृतिका कार्यक्रम र परियोजनालाई नगरपालिकाको स्वीकृति लिई संयुक्त रुपमा संचालन गराउने नीति अबलम्बन गरिने छ ।

**संस्थागत विकास र सार्वजनिक सेवा प्रवाह**

१. "मुस्कान सहितको सेवा" को मूल नारालाई नगर कार्यपालिकाको कार्यालय, ११ वटै वडा कार्यालय र अन्य विषयगत कार्यालयहरुमा अवलम्बन गरिनेछ । गुणस्तरीय सेवा प्रवाहका लागि पदाधीकारी र कर्मचारीहरुको कार्य विवरण तथा आचार संहिता तयार गरी सोही आधारमा सेवा प्रवाहको व्यवस्था मिलाईनेछ ।

२. नगरपालिकामा आयोजना कार्यक्रम छनौटका कार्य एवं अन्य स्थानीय स्वशासनका क्षेत्रमा कार्य गर्नुपर्ने, टोल विकास समितिहरुको गठन तथा समन्वय र सहजीकरण गर्नुपर्ने कार्य अद्यापी रहेकाले हाल कार्यरत सामाजिक परिचालकहरुको सेवा सुविधामा समय सापेक्ष पुनरावलोकन गरी सेवा करारलाई निरन्तरता दिइनेछ र निजहरुलाई आवश्यकतानुसार केन्द्र वा वडा कार्यालयहरुको प्रशासनिक काममा समेत परिचालन गरिनेछ ।

३. नगर स्तरमा कम्तीमा बर्षमा १ पटक सम्पूर्ण सेवाप्रवाहबारे सार्वजनिक सुनुवाई गरिनेछ । वडास्तरमा समेत त्यसलाई लागू गरिनेछ ।

४. पुरानो पेश्की बेरुजुहरु कडाईका साथ फछ्र्यौट गर्दै पेश्की शुन्य नीति अबलम्बन गरी कार्यसम्पन्नताको आधारमा मात्र भूक्तानी दिने व्यवस्था मिलाईनेछ ।

५. पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।

६. नगरपालिका तथा वडा कार्यालयलाई सूचना तथा प्रविधी मैत्री बनाउन अत्याधुनिक प्रविधीबाट सेवा प्र वाहको व्यवस्था मिलाउनका साथै नगरपालिकाको मोवाईल एप्स तथा वेभसाईट सञ्चालन एवम् सामाजिक सञ्जालमा पहुँच बढाउदै लगिनेछ ।

७. संघीय सरकार, प्रादेशिक सरकार एवम् स्थानीय तहको ऐन कानून अनुसार नगर कार्यपालिकालाई आवश्यक पर्ने जनशक्ति व्यवस्थापनको लागि स्रोतको अवस्था हेरी संगठन संरचना र दरवन्दी सृजना (Organization and Management) गराई सोही आधारमा पदपूर्तिको व्यवस्था मिलाईनेछ ।

८. “नगरवासीका गुनासाहरु नगरसँगै” भन्ने मान्यतालाई अबलम्बन गरिने छ । जसका लागि प्रत्येक वडालाई समय र मिति निर्धारण गरी नगर प्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत समेत वडा कार्यालयमा गएर जनताका समस्या र गुनासाहरु सुन्ने नीतिलाई कार्यान्वयनमा ल्याईनेछ ।

९. जन्म, मृत्यु, विवाह दर्ता, सम्बन्ध विच्छेद र वसाईँ सराई जस्ता व्यक्तिगत घटना दर्ता वडा कार्यालयबाटै गर्ने व्यवस्था मिलाउनुका साथै अन लाईन प्रणालीबाट व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्था मिलाईनेछ ।

१०. नेपाल सरकारमार्फत दलित समुदायमा जन्मेको शिशुको ३५ दिन भित्र जन्म दर्ता गराउने दलित परिवारलाई रु. १,०००।- जन्म दर्ता प्रोत्साहन भत्ता दिनेसम्वन्धी व्यवस्थाको जानकारी नहुँदा कतिपय परिवारले सुविधा लिन नआएको देखिएकोले सोसम्वन्धी सचेतना अभिबृद्धि गरिनेछ ।

११. नगरको सबै वडा भित्रको यथार्थ वस्तु स्थितिसम्वन्धी विवरण तयार गरी अभिलेख व्यवस्थापन गरिनुका साथै नगर पार्श्वचित्र तयार गरिनेछ ।

१२. नगरपालिकाद्वारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी, पारदर्शी एवं जनउत्तरदायी बनाउन सघन अनुगमन, बुलेटिन/ब्रोसर प्रकाशन तथा चौमासिक/बार्षिक प्रगती समीक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. नगरस्तरीय अनुगमन समिति गठन गरी नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण गतिविधिहरुको अनुगमन कार्यलाई व्यवस्थित गरिने छ ।

## बन, वातावरण र विपद् व्यवस्थापन

### वन तथा वातावरण

१. वन तथा जैविक विविधताको संरक्षण र वन व्यवस्थापनलाई उच्च प्राथमिकता दिईनेछ ।

२. नगरपालिका भित्र रहेका निजी, सामुदायिक तथा सरकारी वन क्षेत्रभित्र हुने चोरी शिकारी रोकी वन्यजन्तुको संरक्षण गरिनेछ र वन डढेलो, वन अतिक्रमण र काठ चोरीलाई नियन्त्रण गर्ने नीतिको कार्यान्वयनमा प्रभावकारीता ल्याइने छ ।

३. बाढी पहिरोबाट जोगाउन भू-संरक्षण, तटबन्ध व्यबस्थापन र बृक्षारोपण कार्यलाई निरन्तरता दिईनेछ ।

४. सामुदायिक वन उपभोक्ता समुहहरुसँग समन्वय नियमन र नियन्त्रण गर्दै वन संरक्षण र बिकास गने र्नीति अवलम्बन गरिने छ ।

५. वातावरण संरक्षण सम्वन्धमा विद्यालयस्तर सम्म सचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।

६. नगर क्षेत्र भित्र एक वडा एक उद्यान कार्यक्रमलाई क्रमशः लागू गर्दै लगिनेछ ।

७. सडक किनारका खालि जमिनमा वडा तथा टोल, वस्तिको सहभागितामा वृक्षारोपण गर्दै लगिने छ । अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा खानी र गिट्टी बालुवा उत्खनन्लाई रोकी व्यबस्थित गरिने छ ।

८. वन पैदावार, वनजंगल र बृक्षारोपण सम्बन्धी बिशेष कार्ययोजना निर्माण गरी लागू गरिने छ ।

९. नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा र सार्वजनिक खाली जग्गा, पाखा वा पखेरा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

१०. नेपाल सरकारको केन्द्रीय नीति अनुरुप न.पा. भित्र मापदण्ड विपरितका प्लाष्टिकको झोला विक्रि वितरण र प्रयोगमा रोक लगाउने नीति लिईने छ र नगरपालिकालाई २०७५ श्रावण १ गतेदेखि लागू हुने गरी प्लाष्टिक मुक्त क्षेत्र घोषणा गरिनेछ ।

११. वातावरणीय जोखिम न्यूनीकरण र न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन गरिनेछ ।

१२. हरिवन नगरपालिका क्षेत्रभित्रका सबै नदी तथा खोलाको किनारमा बाँस लगायतका रुखविरुवा रोप्ने कार्यलाइ अभियानकै रुपमा सञ्चालन गरिनेछ ।

१३. वन सरंक्षणका लागि नगर क्षेत्रभित्रका वनक्षेत्रमा चरिचरनमा रोक लगाईनेछ ।

१४. हरिवन २, अत्रौलीमा बिसौनीडाँडा महिला समूहद्वारा संरक्षित वनलाई नमूना वनको रुपमा विकास गर्न आवश्यक कार्य प्रारम्भ गरिनेछ ।

१५. नगरपालिकाको तर्फबाट पीच/ढलान गरिने सबै सडक तथा बाटोहरुमा अनिवार्य रुपमा सडकको दायाँ बायाँ विरुवा रोप्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ र क्रमशः सबै किसिमका सडक बाटोहरुमा दायाँ बायाँ विरुवा रोप्न प्रोत्साहन गरिनेछ ।

१६. नगरस्तरीय नर्सरी स्थापनाको जिम्मा अनुमतिप्राप्त स्थानीय समुदायलाई दिईनेछ र सो समुदायले उत्पादित विरुवाहरु नगरपालिकालाई प्राथमिकतामा राखी सहुलियत दरमा उपलब्ध गराउनुपर्ने व्यवस्था लागू गरिनेछ ।

**विपद व्यवस्थापन**

१. नगर क्षेत्रमा हुने विपद, महामारी साथै संकटलाई व्यवस्थापन गर्न नगर स्तरीय विपद व्यवस्थापन समिति/वडा स्तरीय विपद् व्यवस्थापन समिति तत्काल गठन गरिनेछ । स्थानीय आपतकालीन केन्द्र सञ्चालन गर्न आवश्यक पूर्वाधारको तयारी गरिने छ ।

२. प्रकोपजन्य जोखिमलाई न्यूनीकरण गर्न विपद् पूर्व तयारी योजना वा स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरिनेछ ।

३. प्रत्येक वडा तथा वस्तीमा खुल्ला क्षेत्र पहिचान गरिने छ र पहिचान भैसकेका क्षेत्रको संरक्षण गरिनेछ ।

४. विकासका योजना तयार गर्दा बिपद् न्यूनीकरणका पक्षमा विशेष ध्यान दिईने छ ।

५. नगर स्तरीय विपद् व्यवस्थापन सम्बन्धी विपद राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति सम्बन्धी आवश्यक नीति तर्जुमा गरिने छ साथै बिपद् पिडीतलाई तत्काल राहत तथा उद्धार कार्यका लागि प्रत्येक वडामा आकस्मिक खोज तथा उद्धार टोली निर्माण गरिनेछ र उक्त जनशक्तिलाई विपद उद्धार सम्बन्धी तालिम दिइनेछ ।

६. भवन निर्माण संहितालाई कडाइका साथ लागू गरिने छ ।

७. आगलागीजन्य क्रियाकलापहरुलाई नियन्त्रणका लागि नगरपालिकाको दमकल सञ्चालनको जिम्मा सशस्त्र प्रहरी बल, नेपाललाई दिईनेछ । दमकलको मर्मत, सम्भार तथा रेखदेखको कार्य नगरपालिकाले नै जिम्मा लिनेछ ।

८. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने छ ।

९. विपद् पूर्बतयारीका लागि समुदायको क्षमता बिकास सम्बन्धी क्रियाकलापका लागि अन्य सरकारी, गैरसरकारी संघ संस्थाको रचनात्मक सहयोग प्राप्तीका लागि पहल गरिने छ ।

१०. बिपद् जोखिम न्युनीकरण सम्बन्धी कार्य योजना बनाई लागू गरिने छ ।

११. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । विपद् प्रतिकार्य योजनाका लागि नेपाल रेडक्रस सोसाइटी नेपाल प्रहरी, सशत्र प्रहरी बल नेपाल समेतको सहकार्यमा विपद् प्रतिकार्य टिमहरुको निर्माण गरिने छ ।

**फोहोर मैला व्यवस्थापन**

१. "स्वच्छ, सुन्दर र सफा हरिवन : फोहोरको व्यवस्थापन हाम्रो अभियान" भन्ने नारा सहित फोहरमैलालाई व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाइने छ ।

२. नगरक्षेत्रको सबै स्थानमा सरसफाई अभियान संचालन गरिने छ फोहर व्यवस्थापनमा असहयोग गर्नेलाई कानूनी कारवाहीको लागि आवश्यक प्रकृया अवलम्वन गरिने छ ।

३. बजार क्षेत्रभरी रहेको सडक तथा सार्बजनिक अतिक्रमणलाई ध्यानमा राखी खुल्ला सडक, सफा शहर (Open Road and Clean Market) को अबधारणालाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

४. बाटो घाटो तथा सार्वजनिक स्थानमा पशु चौपायाहरु छाडेने कार्यलाई नियन्त्रण गर्न आवश्यक पहल गरिने छ र विभिन्न संघ संस्थाहरुसँग सरसफाई व्यवस्थापनमा सहकार्य गरिनेछ

५. नगरक्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवम् नीजि संरचना भुकम्प प्रतिरोधि हुने गरी मात्र बनाईने/बनाउन अनुमति दिईनेछ ।

६. कुहिएर जाने र नजाने फोहर छुट्टयाई फोहोर व्यवस्थापनको कार्यलाई प्राथमिकतामा राखिने छ ।

७. बजार सफा राख्न नगरपालिकाका महत्वपूर्ण चोकहरुमा विभिन्न संघ संस्थाको समन्वय र साझेदारीमा 'फोहोर मलाई' लेखिएका डिब्बाहरु राखिने छ ।

८. फोहोर मैला व्यवस्थापनका लागि वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति, स्थानीय युवा क्लब, टोल विकास समिति तथा बस्तीस्तरका समुह वा समितिहरुलाई प्रोत्साहन गरिनेछ ।

**सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन**

१. नगरपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषयको सम्पादन स ंघीय, प्रदेश र नगरपालिकाको मौजुदा कानूनको परिधी भित्र रहेर सम्पादन गरिनेछ ।

२. नगरपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेखलाई व्यवस्थित गरिनेछ ।

३. नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख राखिनेछ ।

४. नगरपालिकास्थित सरकारी सम्पत्तिको संरक्षण, सम्बद्धन र एकीकृत अद्यावधिक विवरण राखिनेछ ।

**स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय**

१. संघ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिमको सहभागिता तथा प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ ।

२. जिल्ला समन्वय समिति, वडा तहसँगको सम्पर्क, समन्वय, पत्राचार, सभा, समारोह, शिष्टाचार लगायतका विषयहरुलाई व्यवस्थित बनाईनेछ ।

## बैठक व्यवस्थापन

१. नगर सभा र नगर कार्यपालिकाले निर्माण गरेको कानूनको परिधि भित्र रहेर हरेक सभाको बैठक व्यवस्थित गरिनेछ ।

२. कार्यपालिकाको निर्णयहरुको विद्युतीय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन गरिनेछ ।

३. कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापनलाई चुस्त दुरुस्त र व्यवस्थित गरिनेछ ।

४. बैठकको मूल्य, मान्यता तथा बरियता समेतलाई मध्य नजर गर्दै बैठकलाई अनुशासित र मर्यादित बनाइनेछ ।

## विदा, उत्सव, उर्दी, जात्रा, पर्व

१. स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको स्थानीय आवश्यकता अनुरुप उचित व्यवस्थापन गरिनेछ ।

## न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन

१. असहाय र अन्यायमा परेकाहरुलाई निशुल्क कानूनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

२. कानून विपरीत स्थापना भएका उद्योग, कलकारखाना, प्राकृतिक स्रोतको अनुचित तवरले दोहन गने र्लाई कानूनको दायरामा ल्याइनेछ ।

३. केन्द्र र सबै वडाहरुमा विवाद समाधानका लागि मेलमिलापको उचित प्रवन्ध मिलाईनेछ ।

४. शान्ति सुरक्षा सुदृढ र प्रभावकारी वनाउन सुरक्षा निकायहरुको पूर्वाधार निर्माणमा आवश्यक सहयोग गरिनेछ ।

५. संविधानमा उल्लेखित सबै संबैधानिक व्यबस्थाहरु, प्रदेश कानून र स्थानीय तह सञ्चालनका लागि बनेका कानून तथा कार्यबिधि मातहत रही कार्यान्वयन गरिने छ ।

६. न्यायिक समितिको सचिवालय व्यवस्थापन गरी न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयनलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

७. न्याय तथा कानूनी राज्यको परिपालना गर्दै मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गरी व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यवहारिक रुपमा कार्यान्वयनको शुरुवात गरिनेछ ।

८. न्यायिक निर्णय तथा फैसला कार्यान्वयनको भौतिक संरचना निर्माण संस्थागत क्षमता विकास र सांगठनिक संरचना निर्माण कार्यको थालनी गरिनेछ ।

## विधायन

१. कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मस्यौदा निर्माणको तयारीमा सरोकारवालासँग राय सुझाव तथा सल्लाह लिईनेछ ।

२.	नीति, कानूनको प्रमाणित प्रतिको संरक्षण, प्रकाशन र अभिलेखलाई व्यवस्थित गरिनेछ ।

**सभाअध्यक्ष महोदय,**

अब म उपरोक्त नीति, कार्यक्रम कार्यान्वयनका लागि यहाँहरु समक्ष हरिवन नगरपालिकाको चालू आ.व. २०७४/०७५ को प्रस्तावित वजेट अनुमान संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालू आ. व. ०७४।७५ मा कुल आय रु. ४७ करोड ८३ लाख ३० हजार ३३१ रुपैंया ९१ पैसा हुने अनुमान पेश गरेको छु । जस अनुसार गत आ. व. को अ. ल्या. मौज्दात रु. २ करोड ७ लाख ४६८ रुपैंया ९६ पैसा, वित्तिय समानीकरणतर्फ २१ करोड ७९ लाख ७ हजार, नगरपालिका सशर्त अनुदान तर्फ रु. ७ करोड ७३ लाख ७५ हजार रहेको छ । एल.जि.सि.डि.पि. चालू तर्फ रु. १३ लाख ६५ हजार रुपैयाँ  र आन्तरिक स्रोत तर्फ रु. २ करोड आम्दानी अनुमान गरिएको छ । यसै गरी सामाजिक सुरक्षा सशर्त अनुदान तर्फ रु. ५ करोड ८० लाख सतहत्तर हजार, सशर्त अनुदान पोषणतर्फ रु. १३ लाख ८८ हजार, संघीय संरचना पुनर्निर्माण कार्यक्रम तर्फ रु. ४८ लाख, जि.स.स. दैवी प्रकोप व्यवस्थापनबापत रु. ५० हजार प्राप्त भएको छ । यसै गरी सडक बोर्डबाट अनुदान रु. ४० लाख  र नगर विकास कोष बाट ऋण अनुदान रु. ७ करोड प्रस्ताव गरेको छु । यसै गरी कर्मचारी कल्याण कोषमा रु. ७६ हजार ६७१ रुपैया ५० पैसा र धरौटी खातामा रु. २५ लाख ९१ ह्जार १९१ रुपैयाँ संचित रहेको छ ।

**सभाअध्यक्ष महोदय,**

व्यय तर्फ कुल अनुमान रु. ४७ करोड ८३ लाख ३० हजार ३३१ रुपैयाँ ९१ पैसा मध्ये चालू तर्फ रु. २० करोड ३३ लाख ४६ हजार ९७९ रुपैयाँ र पूँजीगत तर्फ रु. २७ करोड ३३ लाख १५ हजार ४८९ रुपैयाँ ९६ पैसा अनुमान गरेको छु । यसै गरी चालूतर्फ यस कार्यालयमा कार्यरत कर्मचारी तथा पदाधिकारिको तलव भत्ता लगायत अन्य प्र शासनिक खर्च, वित्तीय समानीकरण भित्रको विषयगत शिक्षा तथा स्वास्थ्यको सम्पूर्ण खर्च, सामाजिक सुरक्षा भत्ता, एल.जि.सि.डि.पी अनुदान खर्च हुनेछ भने पूँजीगत तर्फ वडा कार्यालयबाट छनोट भइ आएका योजना तथा नगरपालिकाबाट केन्द्रीकृत रुपमा संचालन हुने योजना तर्फ खर्च हुनेछ । पूँजीगत तर्फ शिक्षाको क्षेत्रमा रु. ७ करोड ६२ लाख., स्वास्थ्यको क्षेत्रमा रु. २ करोड १० लाख, पशु विकासको क्षेत्रमा रु. ३३ लाख, महिला विकासको क्षेत्रमा रु. ५५ लाख, युवा तथा खेलकूदको क्षेत्रमा रु. ३५ लाख, कृषि तर्फ रु. ६५ लाख, बालबालिकाको क्षेत्रमा रु. ३० लाख र अन्य लक्षितवर्ग (दलित, आदिवासी जनजाति, अपांग, मुस्लिम, फरक क्षमता भएका व्यक्ति र अन्य पिछडा वर्ग) को लागि रु. ५५ लाख .विनियोजन गरेको छु ।

अन्त्यमा, हरिवन नगरपालिकाको प्रथम ऐतिहासिक नगर सभाको क्रममा अहोरात्र खटिनु हुने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण कर्मचारी मित्रहरु, नगरको सम्बृद्धिको लागि सल्लाह, सुझाव तथा सक्रिय सहभागिता जनाउनुहुने विषयगत समितिका संयोजक र सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, बुद्धिजिवी महानुभावहरु, नागरिक समाज, पत्रकार तथा संचारकर्मी साथीहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

धन्यवाद ।